Rupantaran : A Multidisciplinary Journal
Vol. VIII : pp 198-210, February, 2024
ISSN (Print) : 2091-0061, ISSN (Electronic) : 2738-9960
**DOI:** https://doi.org/10.3126/rupantaran.v8i01.65215
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# धनकुटा जिल्लाको जनसाङ्ख्यिक अवस्था : अवसर र चुनौती

शन्तनु पोख्रेल[१]
Email*: pokhrelshantanu@gmail.com*

**लेखसार**

*यस लेखमा राष्ट्रिय जनगणना २०७८ अनुसार धनकुटा जिल्लामा भएको जनसङ्ख्याको वर्तमान अवस्था यसले पारेका असरहरूको अध्ययन गरिएको छ । यसमा धनकुटा जिल्लाका स्थानीय तहका जनसङ्ख्याको आकार, वृद्धिदर, घरपरिवार सङ्ख्या, परिवारको औषत आकार, जनघनत्व, जनसङ्ख्याको उमेरतग संरचना, अपाङ्गता, विवाहको स्थिति, जाति, भाषा र धर्म अनुसारको जनसङ्ख्या तथा अनुपस्थिति जस्ता विषयको अवस्था र यिनले पारेको असरका बारेमा प्रकाश पारिएको छ । धनकुटा जिल्लामा जनसङ्ख्याको वर्तमान अवस्था के कस्तो छ र यसबाट उत्पन्न चुनौतीको कस्तो छ भन्ने मूल समस्यामा केन्द्रित यस लेखमा यस जिल्लाको जनसाङ्ख्यिक अवस्था र त्यसका चुनौतीहरूको अध्ययन गर्ने उद्देश्य राखिएको छ । सङ्ख्यात्मक तथ्यको उपयोग गरी लेखिएकाले यो लेख परिमाणात्मक ढाँचामा लेखिएको छ । यसमा राष्ट्रिय जनगणना २०६८ र २०७८ का तथ्याङ्कहरूको उपयोग गरिएकाले यो लेख मूलतः द्वितीय स्रोतको सामग्रीमा आधारित भई तयार गरिएको छ । प्रस्तुतीकरणका विधिका रूपमा यहाँ तुलनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । घट्दो जनसङ्ख्याको आकार र प्रजननयोग्य महिलाहरूको सङ्ख्या वृद्धि हुनुले जनसङ्ख्या व्यवस्थापन गर्न निकै चुनौतीपूर्ण रहेको र यस्ता चुनौतीहरूलाई बेलैमा व्यवस्थापन गर्न सम्बन्धित सबैले उचित ध्यान दिन सकेको खण्डमा धनकुटा जिल्लाको समृद्धि सुनिश्चित गर्न सकिन्छ भन्ने निष्कर्ष यहाँ निकालिएको छ ।*

*शब्दकुञ्जी* : जनघनत्व, साक्षरता, प्रजनन दर, जनसङ्ख्याको आकार

---

[१]*लेखक त्रिभुवन विश्वविद्यालय, धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा जनसङ्ख्या अध्ययन विषयको उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।*

## परिचय

धनकुटा कोसी प्रदेशका १४ जिल्लामध्येको एक पहाडी जिल्ला हो । यो जिल्ला २६°५३' उत्तरी अक्षांश देखि २७°१९' उत्तरी अक्षांश र ८७°0८' पूर्वी देशान्तर देखि ८८°३३' पूर्वी देशान्तरमा फैलिएको छ । यो जिल्ला समुद्र सतहदेखि २४३ मिटरदेखि ६२९ मिटर उचाइमा अवस्थित छ । त्यसैगरी ८९१.० वर्ग कि.मि. क्षेत्रफल रहेको धनकुटा जिल्लामा ७ वटा स्थानीय तह रहेका छन् (Linkha, 2020)। जसमध्ये ३ वटा नगरपालिका (धनकुटा न.पा., पाख्रीबास न.पा. र महालक्ष्मी न.पा.) र ४ वटा गाउँपालिका (छथरजोरपाटी गा.पा., सहिदभूमि गा.पा., साँगुरीगढी गा.पा. र चौबिसे गा.पा.) रहेका छन् ।

जनसङ्ख्याको आकार, वृद्धिदर, जनघनत्व तथा संरचना आदिको अवस्थालाई जनसाङ्ख्यिक अवस्था भनिन्छ । जनसङ्ख्याको स्थितिले कुनै पनि मुलुकको वा निश्चित भूभागको जनसङ्ख्याको आकार, संरचना, बनोट तथा वितरण आदिलाई बुझाउँछ (ढकाल, २०६७) । देशको सामाजिक आर्थिक विकासको प्रमुख आधारको रूपमा जनसङ्ख्या रहेको हुन्छ भने विकासको प्रतिफल पनि जनसङ्ख्या ले नै उपभोग गर्दछ । यस अर्थमा जनसङ्ख्या साधन र साध्य दुवै हो (पोख्रेल, २०६८) । यो स्थिर नभई समयअनुसार परिवर्तन भइरहन्छ । जनसङ्ख्याको परिवर्तनका कारणले मानिसका जनजीवनमा प्रभाव परिरहेको हुन्छ । यसले कतिपय क्षेत्रमा सकारात्मक र कतिपय क्षेत्रमा नकारात्मक प्रभाव पारिरहेको हुन्छ । नकारात्मक प्रभाव पारेका अवस्थामा जे जस्ता असर वा समस्याहरू देखापर्दछन् तिनलाई यहाँ चुनौतीहरू भनिएको छ । धनकुटा जिल्लाको यही जनसङ्ख्याको अवस्था र त्यसले पारेको प्रभाव के कस्तो छ भन्ने समस्याकथन अनुसार उक्त जिल्लाको जनसङ्ख्याको वर्तमान अवस्था र चुनौती पक्षहरू पत्ता लगाउने उद्देश्य राखी यो लेख तयार गरिएको छ ।

## विधि र सामग्री

सङ्ख्यात्मक तथ्यहरूको उपयोग गरी तयार गरिएको यस लेखलाई परिमाणात्मक ढाँचामा प्रस्तुत गरिएको छ । राष्ट्रिय जनगणना २०६८ र २०७८ का तथ्यहरूको उपयोग गरिएकाले यो लेख द्वितीय स्रोतका तथ्याङ्कमा आधारित भई तयार गरिएको छ । यसमा जनसङ्ख्या विषयका पुस्तक तथा लेखरचनाहरूलाई समेत द्वितीय स्रोतका सामग्री मानी उपयोग गरिएको छ । तथ्यहरूलाई तालिकाबद्ध गरी तिनको विश्लेषण पनि गरिएको छ । प्रस्तुतीकरणका विधिका रूपमा भने यहाँ तुलनात्मक र विश्लेषणात्मक विधिको प्रयोग भएको छ ।

## परिणाम र छलफल

धनकुटा जिल्लाका स्थानीय तहका जनसङ्ख्याको आकार, वृद्धिदर, घरपरिवार सङ्ख्या, परिवारको औषत आकार, जनघनत्व, जनसङ्ख्याको उमेरतग संरचना, अपाङ्गता, विवाहको स्थिति, जाति, भाषा र धर्म अनुसारको जनसङ्ख्या तथा अनुपस्थिति जस्ता विषयको अवस्था र यिनका कारण उत्पन्न चुनौतीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

***जनसङ्ख्याको आकार, घरपरिवार सङ्ख्या, परिवारको आकार तथा जनसङ्ख्या वृद्धिद्धर***

जनसङ्ख्याको आकारले जनसङ्ख्याको परिमाणलाई सङ्केत गर्दछ (महर्जन र खनाल, २०६९)। वि.सं. २०७८ सालको जनगणना अनुसार धनकुटा जिल्लाको जनसङ्ख्या १,५०,५९९ पुगेको छ । जसमा पुरुषको जनसङ्ख्या ७३८२४ (४९.०२ प्रतिशत) र महिलाका जनसङ्ख्या ७६७७५ (५०.९८ प्रतिशत) रहेको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८)। यस जिल्लाको स्थानीय तह अनुसार जनसङ्ख्याको आकार, घरपरिवार सङ्ख्या, परिवारको आकार तथा जनसङ्ख्या वृद्धिद्धदरलाई भने तालिका नं. १ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

*स्थानीय तह अनुसार धनकुटा जिल्लाको जनसाङ्ख्यिक विवरण, २०६८ – २०७८*

| क्र.सं. | स्थानीय तह | वि.सं. २०६८ | | वि.सं. २०७८ | | औसत परिवार सङ्ख्या | वार्षिक जनसंख्या वृद्धिदर (%) |
|---|---|---|---|---|---|---|---|
| | | जनसङ्ख्या | परिवार सङ्ख्या | जनसङ्ख्या | परिवार सङ्ख्या | | |
| १ | चौबिसे गा.पा. | ५४४२ | १९२८३ | ४४८० | १७६७७ | ३.९५ | -०.८३ |
| २ | छथरजोरपाटी गा.पा. | ४२३२ | १८३२२ | ४१४८ | १६४५६ | ३.९७ | -१.०३ |
| ३ | धनकुटा न.पा. | ९४६० | ३६६१९ | ९६३७ | ३५९८३ | ३.७३ | -०.१७ |
| ४ | सहिदभूमि गा.पा. | ३८७६ | १८७६० | ४०९० | १७७६७ | ४.३४ | -०.५२ |
| ५ | महालक्ष्मी न.पा. | ५४८२ | २४८०० | ५४१२ | २२१८२ | ४.१० | -१.०७ |
| ६ | पाख्रीबास न.पा. | ४९७७ | २२०७८ | ४८४४ | १९१०४ | ३.९४ | -१.३९ |
| ७ | साँगुरीगढी गा.पा. | ५०४७ | २१५३६ | ५००५ | १९५६१ | ३.९१ | -०.९२ |
| ८ | संस्थागत | २१ | २०१४ | ३२ | १८६९ | - | - |
| | जम्मा | ३७६३७ | १६३४१२ | ३७६४८ | १५०५९९ | ४.०० | -०.७८ |

स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, (मि.न.)।

तालिका नं.१ अनुसार धनकुटा जिल्लामा परिवार सङ्ख्या ३७,६४८ र कुल जनसङ्ख्या १,५०,५९९ छ । जुन १० वर्ष अगाडि क्रमशः ३७६३७ र १६३४१२ रहेको थियो। यो १० वर्षका अवधिमा सहिदभूमि गा.पा.

बाहेकका ६ वटै स्थानीय तहमा परिवारको जनसङ्ख्या घटेको देखिन्छ भने जनसङ्ख्यामा ७ वटै स्थानीय तहको घटेको छ ।

धनकुटा जिल्लाको औषत परिवार जनसङ्ख्या ४.०० रहेकोमा स्थानीय तह अनुसार सबैभन्दा बढी औषत परिवार जनसङ्ख्या सहिदभूमि गा.पा. को (४.३४) र सबैभन्दा कम औषत परिवार जनसङ्ख्या धनकुटा नगरपालिकाको (३.७३) रहेको छ । त्यसैगरी धनकुटा जिल्लाको वार्षिक जनसङ्ख्या वृद्धिदर –०.७८ प्रतिशत प्रतिवर्ष रहेको छ । अर्थात् धनकुटामा विगत १० वर्षमा प्रत्येक वर्ष ०.७८ प्रतिशतका दरले जनसङ्ख्यामा कमी आएको देखिन्छ । स्थानीय तह अनुसार हेर्दा पाख्रीबास नगरपालिकाका जनसङ्ख्या सबैभन्दा तीव्र गतिले (–१.३९ प्रतिशत) घटेको देखिन्छ भने सहिदभूमि गाउँपालिकाको जनसङ्ख्या सबैभन्दा कम दरले (–०.५२ प्रतिशत) घटेको देखिन्छ ।

***जनघनत्व***

जमिनमा जनसङ्ख्याको चाप मापन गर्ने प्रभावकारी सूचकाङ्क जनघनत्व हो । यसलाई प्रतिवर्ग किलोमिटर जमिनको क्षेत्रफलमा पर्ने मानिसहरूको सङ्ख्याको आधारमा मापन गर्ने गरिन्छ (पाठक र लामिछाने, इ. २०१४, पृ. १५) । २०७८ सालको जनगणना अनुसार नेपालको जनघनत्व १९८ प्रतिवर्ग कि.मि. रहेको छ भने धनकुटा जिल्लाको जनघनत्व १६९ जना प्रति वर्ग कि.मि. रहेको छ । सबैभन्दा बढी जनघनत्व धनकुटा नगरपालिकाको ३२४ प्रतिवर्ग कि.मि. रहेको छ भने सबैभन्दा कम जनघनत्व साँगुरीगढी गाउँपालिकाको ११८ प्रतिवर्ग कि.मि. रहेको छ । त्यसैगरी दोस्रो, तेस्रो, चौथो, पाँचौ र छैंठौ स्थानमा क्रमशः सहिदभूमि गाउँपालिका (१७८ प्रतिवर्ग कि.मि.) महालक्ष्मी नगरपालिका (१७१ प्रतिवर्ग कि.मि.), छथरजोरपाटी गाउँपालिका (१६० प्रतिवर्ग कि.मि.), पाख्रीबास नगरपालिका (१३२ प्रतिवर्ग कि.मि.) र चौबिसे गाउँपालिका (१२० प्रतिवर्ग कि.मि.) रहेका छन् । सात ओटा स्थानीय तहमध्ये धनकुटा नगरपालिकाबाहेक सबै छ ओटै स्थानीय तहमा जनधनत्व नेपालको जनधनत्वका तुलनामा कम भएबाट यस जिल्लामा जमिनमा जनसङ्ख्याको चाप धेरै नभएको स्पष्ट हुन्छ ।

***साक्षरता***

नेपालको ५ वर्ष वा सोभन्दा माथिको उमेरका जम्मा २,६७,२५,२९५ मध्ये २,०३,७७,९८० (७६.२%) पढ्न र लेख्न दुबै जान्ने अर्थात् साक्षर रहेका छन् । जसमा पुरुषको साक्षरता दर ८३.६ प्रतिशत छ भने महिलाको साक्षरता दर ६९.४ प्रतिशत छ । १० वर्ष अघि अर्थात् २०६८ सालमा नेपालको कुल साक्षरतादर ६५.९ प्रतिशत थियो भने पुरुष र महिलाको साक्षरता दर क्रमशः ७५.१ प्रतिशत र ५७.४ प्रतिशत थियो ( नेपालको तथ्याङ्कीय झलक, २०८०) ।

धनकुटा जिल्लाको साक्षरता दर नेपालको औषत साक्षरता दर भन्दा बढी रहेको छ । अर्थात् धनकुटाको कुल साक्षरता दर ८१.३६ प्रतिशत छ भने पुरुष र महिलाको साक्षरता दर क्रमशः ८८.१६ प्रतिशत र ७४.८५ प्रतिशत छ । पालिका अनुसार धनकुटा जिल्लाको साक्षरता दर निम्नानुसार रहेको छ :

**तालिका नं. २**

*लिङ्ग तथा पालिका अनुसार धनकुटा जिल्लाको साक्षरता दर, २०७८*

| क्र.सं. | स्थानीय तह | साक्षरता दर (प्रतिशत) | | |
|---|---|---|---|---|
| | | जम्मा | पूरुष | महिला |
| १ | चौबिसे गा.पा. | ८१.४५ | ८७.५६ | ७५.७७ |
| २ | छथरजोरपाटी गा.पा. | ८१.०३ | ८८.३९ | ७४.२७ |
| ३ | धनकुटा न.पा. | ८४.४६ | ९०.६३ | ७८.८७ |
| ४ | सहिदभूमि गा.पा. | ७८.४६ | ८४.३६ | ७२.७३ |
| ५ | महालक्ष्मी न.पा. | ७९.७९ | ८८.२८ | ७२.०४ |
| ६ | पाख्रीबास न.पा. | ७८.८१ | ८७.०७ | ७१.६१ |
| ७ | साँगुरीगढी गा.पा. | ८०.८० | ८६.५६ | ७५.३२ |
| ८ | संस्थागत | ९८.०७ | ९८.९३ | ९०.३२ |
| ९ | धनकुटा जिल्ला | ८१.३६ | ८८.१८ | ७४.८५ |

स्रोत : National Statistics Office (2023)

पालिका अनुसार सबैभन्दा बढी साक्षरता दर धनकुटा नगरपालिकाको ८४.४६ प्रतिशत छ भने सबैभन्दा कम साक्षरता दर सहिदभूमि गाउँपालिकाको ७८.४६ प्रतिशत रहेको छ । धनकुटा नगरपालिका र चौबिसे गाउँपालिकाको साक्षरता दर जिल्लाको औषत साक्षरता दरभन्दा बढी छ भने बाँकी ५ वटा स्थानीय तहको साक्षरता दर जिल्लाको औषत साक्षरता दरभन्दा कम रहेको छ। त्यसैगरी संस्थागत तह अन्तर्गत होस्टल, आर्मीहरूको ब्यारेक आदि पर्दछन्, जसको साक्षरता दर ९८.०७ प्रतिशत रहेको छ।

यस जिल्लाको पुरुष साक्षरता दर ८८.१८ प्रतिशत रहेकोमा सबैभन्दा बढी धनकुटा नगरपालिकाको ९०.६३ प्रतिशत रहेको छ  भने सबैभन्दा कम सहिदभूमि गाँउपालिकाको ८४.३६ प्रतिशत रहेको छ। त्यसै गरि महिला साक्षरता ७४.८५ प्रतिशत रहेकोमा सबैभन्दा बढी महिला साक्षरता धनकुटा नगरपालिकाको ७८.८७ प्रतिशत छ भने सबैभन्दा कम पाख्रीबास नगरपालिकाको ७१.६१ प्रतिशत रहेको छ।

***विशेष उमेर समूह अनुसार जनसङ्ख्याको संरचना***

सामान्यतया जनसङ्ख्यालाई तीन ओटा बृहत् उमेर समूहमा वर्गीकरण गर्ने गरिन्छ। उमेर वर्गीकरणको कुनै विशेष आधार नभए पनि ०–१४ वर्ष उमेर समूहकालाई बालबालिका, १५–५९ उमेर समूहको जनसङ्ख्यालाई युवा जनसङ्ख्या र ६० वर्ष र सोभन्दा माथिको जनसङ्ख्यालाई बृद्ध जनसङ्ख्या भनिन्छ (चन्दना, इ. २००४)। २०७८ सालको जनगणना अनुसार धनकुटा जिल्लामा कुल जनसङ्ख्याको २४.४७ प्रतिशत (३६८५६ जना) जनसङ्ख्या बाल आश्रित जनसङ्ख्या रहेको छ भने १२.७० प्रतिशत (१९१२० जना) जनसङ्ख्या वृद्ध आश्रित जनसङ्ख्या

रहेको छ। १० वर्षअघि अर्थात् वि.सं. २०६८ को जनगणना अनुसार क्रमशः ३१.९४ र ९.५४ प्रतिशत रहेको थियो। आर्थिक रूपले क्रियाशील अर्थात् १५ देखि ५९ वर्ष उमेर समूहमा ६२.८३ प्रतिशत (९४६२३ जना) रहेका छन्। २०६८ सालमा सो समूहमा ५८.५६ प्रतिशत जनसङ्ख्या रहेको थियो।

कुल महिलाहरूमध्ये प्रजननयोग्य उमेर समूह अर्थात् १५ देखि ४९ वर्ष उमेर समूहमा ५३.१४ प्रतिशत छन्। १० वर्षअघि अर्थात् २०६८ सालमा उक्त जनसङ्ख्या ४६.५७ प्रतिशत रहेको थियो। त्यसैगरी १६ देखि ४० वर्षको युवाहरूको जनसङ्ख्या ४०.२९ प्रतिशत रहेको छ। विगत दश वर्षमा प्रजनन योग्य उमेर समूहका महिलाहरूको अनुपात वृद्धि हुनुले धनकुटा जिल्लामा प्रजनन दर वृद्धि हुन सक्ने निष्कर्ष निकाल्न सकिन्छ। त्यस्तै युवाको अनुपात ४० प्रतिशत भन्दा बढी भएबाट के स्पष्ट हुन्छ भने धनकुटा जिल्लामा आर्थिक क्रियाकलाप अगाडि बढाउन युवा जनशक्ति उपयोग गर्न सम्भव रहेको छ।

***अपाङ्गता***

वि.सं. २०७८ को जनगणना अनुसार धनकुटा जिल्लाका १,५०,५९९ जनसङ्ख्यामध्ये ५१९७ (३.४५ प्रतिशत) जना अपाङ्गता भएको जनसङ्ख्या रहेको छ भने १४५३९१ जना अपाङ्गता नभएको जनसङ्ख्या रहेको छ। लिङ्ग अनुसार हेर्दा २८६० पुरुष र २३३७ महिलाहरूमा अपाङ्गता भएको छ भने ७०९५७ जना पुरुष र ७४४३४ महिलामा अपाङ्गता नभएको पाइएको छ। त्यसैगरी ७ जना पुरुष र ४ जना महिला गरी जम्मा ११ जना जनसङ्ख्याको अपाङ्गता सम्बन्धी उत्तर उल्लेख नभएका पाइएको छ।

अपाङ्गताको प्रकार हेर्दा अपाङ्गता भएको कुल ५१९७ मध्ये सबैभन्दा बढी १५४० (२९.६ प्रतिशत) मा शारीरिक अपाङ्गता रहेको छ भने सबैभन्दा कम १९ जना (०.४ प्रतिशत) मा अटिजम रहेको छ। त्यस्तै ८४८ (१६.३ प्रतिशत) न्यून दृष्टियुक्त, ७३८ (१४.२ प्रतिशत) सुस्तश्रवण, ६०३ (११.६ प्रतिशत) बहिरोपन, ४४८ (८.६ प्रतिशत) बहुअपाङ्गता, ४१६ (८.० प्रतिशत) स्वर र बोलाइ सम्बन्धी अपाङ्गता भएका छन्। त्यसैगरी २१३ (४.१ प्रतिशत) पूर्ण दृष्टिविहीन, १८२ (३.५ प्रतिशत) मानसिक अपाङ्गता, ८७ (१.७ प्रतिशत) बौद्धिक अपाङ्गता, ७३ (१.४ प्रतिशत) श्रवण दृष्टिविहीन, ३० (०.६ प्रतिशत) अनुवंशीय रक्तश्राव भएका छन्। अपाङ्गगत आधारमा हेर्दा धनकुटा जिल्ला धेरै जोखिमपूर्ण अवस्थामा रहेको पाइँदैन।

***विवाहको स्थिति***

विवाहको स्थितिलाई विवाहित, अविवाहित, विधवा/विधुर, पारपाचुके र छुट्टिएको गरी ५ समूहमा वर्गीकरण गरिन्छ। धनकुटा जिल्लामा ७९५७९ विवाहितमध्ये ३७४०८ पुरुष र ४२१७१ महिला रहेका छन्। त्यसैगरी २१६७९ पुरुष र १७६७९ महिला गरी जम्मा ३९३५८ जना अविवाहित छन्। विधवा/विधुरको जनसङ्ख्या ६७७२ मध्ये विधुरहरू १९३४ र विधवाहरू ४८३८ रहेका छन्। सम्बन्ध विच्छेद गरेका पुरुष १९६ जना र महिला १३३ जना गरी जम्मा ३२९ रहेका छन् भने छुट्टिएका पुरुष ५०० र महिला ५२९ गरी १०१९ जना रहेका छन्।

धनकुटा जिल्लामा १० वर्षभन्दा माथिको जनसङ्ख्यामध्ये सबैभन्दा बढी ३१.०३ प्रतिशतले १८–२० वर्ष उमेर समूहमा पहिलो विवाह गरेका छन् भने २१–२४ वर्ष उमेर समूहमा पहिलो विवाह गर्ने २६.२७ प्रतिशत रहेका

छन् । ०.१७ प्रतिशतको १० वर्षभन्दा कम उमेर मै पहिलो विवाह भएको छ भने ४.०९ प्रतिशतको पहिलो विवाह १०–१४ वर्ष उमेर समूहमा भएको छ । त्यसैगरी ०.०५ प्रतिशतले ५० वर्ष वा सो भन्दा बढी उमेरमा पहिलो विवाह गरेका छन् ।

***जाति अनुसार जनसङ्ख्या***

नेपाल एक बहुजातीय मुलुक हो । यहाँ विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेको पाइन्छ । वि.स. २०७८ को जनगणना अनुसार नेपालमा जातजातिको जनसङ्ख्या १४२ रहेको छ । धनकुटा जिल्ला पनि विभिन्न जातजातिका मानिसहरूका बसोबास रहेको छ । धनकुटा जिल्लाको जातिगत विवरणलाई निम्न तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. ३**

*धनकुटा जिल्लाको जातिगत विवरण, २०७८*

| क्र.सं. | जातजाति | जम्मा | पूरुष | महिला |
|---|---|---|---|---|
| १ | क्षेत्री | ३००११ | १४८७५ | १५१३६ |
| २ | राई | २९६७४ | १४४८० | १५१९४ |
| ३ | याक्थुङ्ग | २०८५५ | ९९९३ | १०८६२ |
| ४ | मगर | १५५८० | ७६५७ | ७९२३ |
| ५ | तामाङ | ९८८६ | ४७६१ | ५१२५ |
| ६ | नेवार | ६७४५ | ३३०६ | ३४३९ |
| ७ | ब्रह्मण पहाडी | ६१५६ | ३१४८ | ३००८ |
| ८ | विश्वकर्मा | ५४९८ | २६२० | २८७८ |
| ९ | आठपहरिया | ५३६५ | २५५५ | २८१० |
| १० | याख्खा | ४३४४ | २१६६ | २१७८ |
| ११ | परियार | ३२२४ | १५३० | १६९४ |
| १२ | मिजार | २१३६ | १०५७ | १०७९ |
| १३ | गुरुङ | २०९७ | १०१८ | १०७९ |
| १४ | घर्ती/ भूजेल | १६७७ | ८०२ | ८७५ |
| १५ | अन्य | ७३५१ | ३८५६ | ३४९५ |
| जम्मा | | १५०५९९ | ७३८२४ | ७६७७५ |

स्रोत : National Statistics Office (2023)

तालिका नं. ३ अनुसार धनकुटा जिल्लामा सबैभन्दा बढी क्षेत्रीहरूको बसोबास रहेको छ । जुन कुल जनसङ्ख्याको १९.९२ प्रतिशत हुन आउँछ भने दोस्रो स्थानमा राईको जनसङ्ख्या १९.६८ प्रतिशत रहेको छ ।

त्यसैगरी तेस्रो, चौथो र पाँचौँ स्थानमा याक्थुङ्ग (१३.८४ प्रतिशत), मगर ((१०.३४ प्रतिशत) र तामाङ (६.५६ प्रतिशत) रहेको छ । २०७८ सालको जनगणना अनुसार धनकुटा जिल्लामा ५३ जातजातिको अक्सर बसोबास रहेकोमा सबैभन्दा कम जनसङ्ख्या हुने जाति सोनार (१० जना) रहेको छ ।

***मातृभाषा अनुसार जनसङ्ख्या***

व्यक्तिले आफ्नी आमाबाट प्रभावित भई बाल्यकालदेखि नै बोल्दै आएको भाषालाई मातृभाषा भनिन्छ (केसी, इ. १९९५) । जातिगत विविधतासँगै नेपाल भाषिक विविधता भएको मुलुक हो । २०७८ सालको जनगणना अनुसार नेपालका १२४ मातृभाषाको जनसङ्ख्या रहेको छ जुन २०६८ सालमा १२३ रहेको थियो । धनकुटा जिल्लामा ४४ मातृभाषा रहेका छन् । धनकुटा जिल्लाका सङ्ख्यात्मक हिसाबले प्रमुख मातृभाषाको सङ्ख्यालाई तालिका नं. ४ मा देखाइएको छ :

**तालिका नं. ४**

*धनकुटा जिल्लाको मातृभाषा अनुसारको जनसङ्ख्या, २०७८*

| क्र.सं. | मातृभाषा | जम्मा | पुरूष | महिला |
|---|---|---|---|---|
| १ | नेपाली | ६८४३५ | ३३६८१ | ३४७५४ |
| २ | याक्थुङ्ग | १९५४५ | ९३२८ | १०२१७ |
| ३ | बान्तवा | १४८४८ | ७२३१ | ७६१७ |
| ४ | मगर | १३९७३ | ६८४० | ७१३३ |
| ५ | तामाङ | ७९५७ | ३८४० | ४११७ |
| ६ | आठपहरिया | ५११९ | २४३६ | २६८३ |
| ७ | राई | ४६४६ | २१५६ | २४९० |
| ८ | याक्खा | ३८१९ | १९२० | १८९९ |
| ९ | छिन्ताङ | २४३० | १२५५ | ११५७ |
| १० | नेवारी | २०९१ | १०४७ | १०४४ |
| ११ | छिलिङ | १३९६ | ७४२ | ६५४ |
| १२ | याम्फू | ८६५ | ४४७ | ४१८ |
| १३ | अन्य | ५४७५ | २९०१ | २५७४ |
| | जम्मा | १५०५९९ | ७३८२४ | ७६७७५ |

स्रोत : National Statistics Office (2023

तालिका नं. ४ अनुसार धनकुटा जिल्लामा सबैभन्दा बढी जनसङ्ख्याको मातृभाषा नेपाली रहेको छ । १५०५९९ जनामध्ये ६८४३५ (४५.४४ प्रतिशत) को मातृभाषा नेपाली रहेको छ भने दोस्रो, तेस्रो, चौथो र पाँचौँ स्थानमा

क्रमशः याक्थुङ्ग (१२.९८ प्रतिशत), बान्तवा (९.८६ प्रतिशत), मगर (९.२८ प्रतिशत) र तामाङ (५.२८ प्रतिशत) रहेको छ। सबैभन्दा कम खस मातृभाषा बोल्ने मानिसहरू (१० जना) रहेका छन्।

२०७८ सालको जनगणनाले पुर्खाको भाषाको आधारमा पनि गणना गरेको थियो। जसअनुसार धनकुटा जिल्लामा जम्मा ५४ वटा भाषा पुर्खाको भाषाको रूपमा रहेका छन्। जसमध्ये पुर्खाको भाषा नेपाली भएकाहरू सबैभन्दा बढी (५३९९२ जना) र पुर्खाको भाषा तिलुङ्ग भएकाहरू सबैभन्दा कम (१० जना) रहेका छन्। धनकुटा जिल्लामा भाषिक विविधताको अवस्था उच्च रहेको पाइन्छ। धनकुटा जिल्ला पहाडी भूभाग भएकाले यहाँ अधिकांशको पुर्खाको भाषा नेपाली हुनु स्वाभाविकै हो।

***धर्म अनुसार जनसङ्ख्या***

नेपाल बहुधार्मिक मुलुक हो। यहाँ विभिन्न धर्मालम्वी मानिसहरूको बसोबास रहेको पाइन्छ। २०७८ सालको जनगणना अनुसार नेपालमा धर्मको जनसङ्ख्या १० वटा रहेको छ। धनकुटा जिल्लामा हिन्दु, किराँत, बौद्ध, क्रिश्चियन, इस्लाम र प्रकृति गरी ६ वटा धर्मालम्वीहरू रहेका देखिन्छन् जसलाई तालिका नं. ५ मा देखाइएको छ :

**तालिका नं. ५**

*धनकुटा जिल्लाको धर्मका आधारमा जनसंङ्ख्या विवरण, २०७८*

| क्र.सं. | धर्म | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | हिन्दु | ३६९६९ | ३७६७३ | ७४६४२ | ४९.५६ |
| २ | किराँत | २५४८५ | २६८४० | ५२३२५ | ३४.७४ |
| ३ | बौद्ध | ९४९२ | १०२५४ | १९७४६ | १३.११ |
| ४ | क्रिश्चियन | १७७१ | १९४९ | ३७२० | २.४७ |
| ५ | इस्लाम | ९७ | ४७ | १४४ | ०.१० |
| ६ | प्रकृति | १० | १२ | २२ | ०.०१ |
| जम्मा | | ७३८२४ | ७६७७५ | १५०५९९ | १०० |

स्रोत : National Statistics Office (2023)

तालिका नं. ५ अनुसार धनकुटा जिल्लामा सबैभन्दा बढी जनसङ्ख्या हिन्दुहरूको रहेको छ। १५०५९९ जनामध्ये ७४६४२ (४९.५६ प्रतिशत) हिन्दुहरू रहेका छन् भने दोस्रो, तेस्रो, चौथो, पाँचौं र छैटौं स्थानमा क्रमशः किरात, बौद्ध, क्रिश्चियन, इस्लाम र प्रकृति धर्मका मानिसहरू बसोबास गर्दछन्।

***आर्थिक क्रियाकलाप सम्बन्धी विवरण***

धनकुटा जिल्लामा वि.सं. २०७८ को जनगणना अनुसार १० वर्ष वा सोभन्दा माथिका १,२७,०६७ जनामध्ये १,०६,७१० जना (८३.९८ प्रतिशत) आर्थिक रूपले सक्रिय र २०,३०१ जना (१५.९८ प्रतिशत) आर्थिक

रूपले निष्क्रिय देखिन्छन् । आर्थिक रूपले सक्रिय जनसङ्ख्या १,०६,७१० जनामध्ये ८१,७३१ जना (७६.५९ प्रतिशत) अक्सर आर्थिक रूपले सक्रिय र २४,९७९ जना (२३.४१ प्रतिशत) अक्सर आर्थिक रूपले निष्क्रिय देखिन्छन् । अक्सर आर्थिक रूपले सक्रिय ८१,७३१ जनामध्ये ७९७७४ जना (९७.६१ प्रतिशत) अक्सर रोजगार र १९५७ जना (२.३९ प्रतिशत) अक्सर बेरोजगार देखिन्छन् ।

आर्थिक कामको पेसागत वर्गीकरण हेर्दा आर्थिक रूपले काम गरेका जनसङ्ख्यामध्ये सबैभन्दा बढी कृषि, वन र माछापालन कार्यका कामदारहरू ७७.७ प्रतिशत रहेका छन् । त्यसपछि क्रमशः सामान्य र प्राथमिक पेसाका कामदारहरू ७.१३ प्रतिशत, व्यवस्थापकहरू ३.६४ प्रतिशत, सेवा तथा वस्तु विक्री गर्ने कामदारहरू २.७ प्रतिशत, पेसाविद्/पेसा विशेषज्ञहरू २.६४ प्रतिशत रहेका छन् । अधिकांश मानिसहरू परम्परागत कृषि, वन र माछा पालनमा संलग्न भएका र उक्त क्षेत्र आधुनिकीकरण नभइसकेको हुँदा यस जिल्लाका मानिसहरूको आर्थिक अवस्था राम्रो रहेको पाइँदैन ।

***परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोबास गर्ने) जनसङ्ख्या***

वि.सं. २०७८ सालको जनगणना अनुसार धनकुटा जिल्लाका कुल ३७६१६ परिवारमध्ये ७९७९ (२१.२१ प्रतिशत) परिवारबाट कम्तीमा एकजना अनुपस्थित (विदेशमा) रहेको पाइएको छ । जम्मा अनुपस्थित जनसङ्ख्या ९५९२ जनामध्ये ७७८९ जना (८१.२० प्रतिशत) तलब ज्यालामा काम गर्न गएको देखिन्छ । ९.६६ प्रतिशत कामको खोजीमा, ४.०९ प्रतिशत आश्रित, ३.९८ प्रतिशत अध्ययन /तालिम, ०.२८ प्रतिशत व्यापार व्यवसाय र ०.५३ प्रतिशत अन्य कारणले अनुपस्थित रहेका छन् ।

***अक्सर खाना पकाउन प्रयोग गरिने इन्धन***

वि.सं. २०७८ को जनगणना अनुसार धनकुटा जिल्लामा सबैभन्दा बढी ७३.४० प्रतिशत परिवारले काठ, दाउरालाई अक्सर खाना पकाउने इन्धनका रूपमा प्रयोग गरेको पाइएको छ भने २६.०३ प्रतिशत परिवारले एल.पी. ग्याँस, ०.३९ प्रतिशत परिवारले वायो ग्याँस, ०.०९ प्रतिशत परिवारले बिजुली र ०.०३ प्रतिशत परिवारले मट्टितेल र ०.०६ प्रतिशत परिवारले अन्य इन्धनको प्रयोग गरेको पाइएको छ ।

***खानेपानीको मुख्य स्रोत***

धनकुटा जिल्लाका कुल परिवारमध्ये १९९६० परिवार (५३.०६ प्रतिशत) ले घर परिसरभित्र धारा/पाइपको पानी प्रयोग गर्दछन् भने १४७५१ परिवार (३९.२१ प्रतिशत) ले घर परिसर बाहिर धारा/पाइपको पानी प्रयोग गर्दछन् । खुल्ला इनार कुवाको खानेपानी प्रयोग गर्ने परिवार १०६० (२.८२ प्रतिशत) छन् भने ठाकिएको इनार कुवा प्रयोग गर्ने परिवार ३९१ (१.०४ प्रतिशत) रहेका छन् ।१२५२ परिवार (३.३३ प्रतिशत) ले मूलधाराको पानी प्रयोग गर्दछन् भने नदी/खोलाको पानी प्रयोग गर्ने परिवार १२८ (०.३४ प्रतिशत) रहेका छन् । जार/बोतलका पानीलाई मुख्य स्रोतको रूपमा प्रयोग गर्ने परिवार २४ (०.०६ प्रतिशत) रहेको छ । ५० परिवार (०.१३ प्रतिशत) ले अन्य स्रोतको पानी प्रयोग गर्दछन् ।

***परिवारमा उपलब्ध साधन सुविधाहरू***

धनकुटा जिल्लामा रहेका ३६६१६ परिवारमध्ये साधारण मोबाइल फोन हुने र स्मार्ट मोबाइल फोन हुने परिवार जनसङ्ख्या क्रमशः ८२.५३ प्रतिशत र ७६.६६ प्रतिशत रहेको छ। ५७.६६ प्रतिशत परिवारमा रेडियो सुविधा, ५४.४५ प्रतिशत परिवारमा टिलिभिजन, ५४.४३ प्रतिशत परिवारमा इन्टरनेट सुविधा उपलब्ध छ। कम्प्युटर/ल्यापटप ८.८२ प्रतिशत परिवारमा छ भने ३.७५ प्रतिशत परिवारमा ल्यान्डलाइन टेलिफोन सेवा उपलब्ध छ। १२.८३ प्रतिशत परिवारमा मोटरसाइकल/स्कुटर छ भने १.६२ प्रतिशत परिवारमा कार/जिप/भ्यान सेवा छ। त्यस्तै विद्युतीय पङ्खा, रेफ्रिजरेटर, वासिङ मेसिन र एयर कन्डिसन हुने परिवार क्रमशः ७.४८ प्रतिशत, ६.८७ प्रतिशत, ०.८५ प्रतिशत र ०.१० प्रतिशत रहेको छ। साइकल हुने परिवार १.४४ प्रतिशत रहेको छ। ३.०५ प्रतिशत परिवारमा उल्लेखित कुनै पनि सुविधा उपलब्ध नभएको पाइएको छ।

***अवसर र चुनौतीहरू***

धनकुटा जिल्लाको जनसाङ्ख्यिक अवस्थाका अवसरहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**बढ्दो सक्रिय जनसङ्ख्याको अनुपात :** धनकुटा जिल्लामा सक्रिय जनसङ्ख्याको अनुपात वृद्धि हुँदै गएको पाइन्छ। २०६८ सालको जनगणना अनुसार ५८.५६ प्रतिशत सक्रिय जनसङ्ख्या रहेकोमा २०७८ सालमा उक्त अनुपात ६२.८३ प्रतिशत पुगको छ। यो बढ्दो सक्रिय जनसङ्ख्याको अनुपातलाई सही उपयोग गर्न सकेको खण्डमा जिल्लाको आर्थिक विकासका गतिलाई तीव्र रूपले अगाडि बढाउन सकिन्छ।

**युवाहरूको धेरै सङ्ख्या :** धनकुटा जिल्लामा युवाहरू (१६ देखि ४० वर्ष उमेर समूह) को जनसङ्ख्या कुल जनसङ्ख्यालाई ४०.२९ प्रतिशत रहेको छ। यो युवा जनशक्तिमा भएको जोश, जागर र सिपलाई सही सदुपयोग गर्न सक्ने हो भने जिल्लाको आर्थिक, सामाजिक तथा भौतिक विकासमा फड्को मार्न सकिन्छ।

**जातीय धार्मिक तथा सांस्कृतिक विविधता :** धनकुटा जिल्ला जातीय धार्मिक तथा सांस्कृतिक विविधताको सङ्गम रहेको छ। यो विविधतालाई उचित व्यवस्थापन गर्न सकेको खण्डमा सामाजिक विविधतामा एकताको सन्देश प्रवाह गर्न सकिने साथै विभिन्न जातजाति धर्म सम्प्रदायका रीतिरिवाज र संस्कृति तथा परम्पराहरूको प्रचार प्रसार गरी धार्मिक तथा सांस्कृतिक पर्यटनको केन्द्रको रूपमा विकास गरी पर्यटन उद्योग मार्फत् आय आर्जनका प्रशस्त अवसरहरू सिर्जना गर्न सकिन्छ।

**रेमिट्यान्स आम्दानी :** धनकुटा जिल्लामा रहेका ३७६१६ परिवारमध्ये ७९७९ (२१.२१ प्रतिशत) परिवारबाट कम्तीमा एकजना विदेशमा रहेको पाइएको छ। विदेशमा रहेको ९५९२ जनामध्ये ७७८९ जना (८१.२० प्रतिशत) तलब तथा ज्यालामा काम गर्न गएकाहरूबाट जिल्लामा विप्रेषण आम्दानी भित्रिने सम्भावना अधिक रहन्छ। यसरी भित्रिएको विप्रेषण आम्दानीलाई सही सदुपयोग गर्न सकेमा न्यून तथा मध्यम आर्थिक अवस्थाभएका परिवारको जीवनस्तर उच्च राखी गरिबी निवारण गर्न सहयोग पुग्ने देखिन्छ।

धनकुटा जिल्लाको जनसाङ्ख्यिक अवस्थालाई हेर्दा निम्नलिखित चुनौतीहरू देखिएका छन् :

**घट्दो जनसङ्ख्याको आकार**: २०७८ सालको जनगणना अनुसार धनकुटा जिल्लाको जनसङ्ख्या वृद्धिदर गुणात्मक (–०.७८ प्रतिशत प्रतिवर्ष) रहेको छ। अर्थात्२०६८ देखि २०७८ सम्मको १० वर्षको अवधिमा धनकुटा जिल्लाको जनसङ्ख्या ०.७८ प्रतिशत प्रतिवर्ष घट्दै आएको देखिन्छ । धनकुटा जिल्लाका सातवटै स्थानीय निकायको जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको छ। यसरी जनसङ्ख्या घट्नुको प्रमुख कारण बसाइसराइ हो। धनकुटा जिल्लाबाट तराइको जिल्लामा बसाइसराइ गर्ने कारणले भविष्यमा दक्ष तथा आर्थिक रूपले सक्रिय जनसङ्ख्या अभाव हुने देखिन्छ।

**प्रजननयोग्य उमेरका महिलाको बढ्दो जनसङ्ख्या :** वि.सं. २०६८ सालको जनगणना अनुसार कुल महिलाको जनसङ्ख्यामा प्रजनन योग्य उमेर समूहका महिलाको जनसङ्ख्या ४६.५७ प्रतिशत रहेकोमा २०७८ उक्त जनसङ्ख्या ५३.१४ प्रतिशत पुगेको छ । यसरी प्रजनन योग्य उमेरका महिलाको अनुपात वृद्धि हुनुले भविष्यमा प्रजनन दर वृद्धि हुने सम्भावना रहन्छ । जसको व्यवस्थापनको लागि महिला शिक्षा तथा परिवार नियोजन साधनहरूको पहुँच वृद्धि गर्नुपर्ने देखिन्छ।

**सामाजिक विविधता व्यवस्थापन :** जातीय तथा धार्मिक विविधताको कारणले गर्दा उक्त सामाजिक विविधताको उचित व्यवस्थापन गर्न नसक्ने हो भने सामाजिक द्वन्द्व निम्तने सम्भावना रहन्छ। यसको लागि सम्पूर्ण सरोकार निकायहरूले बेलैमा विचार पुर्‍याउनुपर्ने देखिन्छ।

**वैदेशिक रोजगारीका कारण निम्तिएका समस्याहरू :** धनकुटा जिल्ला २१.२१ प्रतिशत परिवारहरू कम्तीमा एक जना विदेशमा बसोबास गरिरहेको पाइन्छ । विदेश गएको जनसङ्ख्यामध्ये ८१.२० प्रतिशत रोजगारीका लागि बाहिर गएका छन्। वैदेशिक रोजगारीका कारणले सामाजिक विकृतिका घटनाहरू वृद्धि हुने साथै वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीका कारण परिवारमा उपभोगवादी संस्कृतिमा वृद्धि हुने र विलासिताका वस्तुको उपभोग वृद्धि हुने देखिन्छ।

**निष्कर्ष**

पूर्वी पहाडी जिल्ला धनकुटाको जनसाङ्ख्यिक अवस्थालाई हेर्दा विगत दस वर्षमा जनसङ्ख्याको आकारमा केही कमी आएको देखिन्छ । हिमाल र पहाडबाट तराईतर्फ बसाइ सराइ गर्ने क्रमले धनकुटाको जनसङ्ख्या वृद्धिदर ऋणात्मक छ। यस जिल्लामा प्रजनन दर पनि न्यून हुँदै गएकाले परिवारको आकार पनि सानो नै छ। नेपालको जनघनत्वका तुलनामा धनकुटाको जनघनत्व कम भएबाट यस जिल्लामा जनसङ्ख्याको चाप त्यति धेरै नभएको पुष्टि हुन्छ। धनकुटाको साक्षरता दर नेपालको साक्षरता दरभन्दा बढी भएकाले धनकुटाको साक्षरताको अवस्था सन्तोषजनक नै मान्न सकिन्छ। सक्रिय जनसङ्ख्याको अनुपात बढी भएकाले जिल्लाको आर्थिक तथा भौतिक विकासमा सकारात्मक प्रभाव पर्ने कुरामा दुइमत छैन । सामाजिक विविधतामा एकताका रूपमा रहेको धनकुटा बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक जिल्लाका रूपमा परिचित छ।

कृषि तथा पशुपालन प्रमुख पेसाका रूपमा रहेको धनकुटा खानेपानीको उपलब्धता मध्यम स्तरको छ । अधिकांश परिवारले काठ दाउरालाई प्रमुख इन्धनको स्रोतका रूपमा प्रयोग गरेका कारणले वैकल्पिक ऊर्जा प्रयोग

गर्नुपर्ने देखिन्छ। ८२.५३ प्रतिशतमा मोबाइल फोन भएको तथ्यबाट धनकुटा सूचना तथा सञ्चारमा अगाडि नै मान्न सकिन्छ। यसले जनजीवनलाई सहज तुल्याएको छ। बढ्दो सक्रिय जनसङ्ख्या अर्थात् युवाहरूको धेरै जनसङ्ख्या जातीय र सांस्कृतिक विविधता र रेमिट्यान्स आम्दानी धनकुटाका अवसरहरू हुन्। यी अवसरहरूलाई सही सदुपयोग गर्न सकेको खण्डमा धनकुटाको सामाजिक आर्थिक विकासमा फड्को मार्न सकिन्छ भने घट्दो जनसङ्ख्याको आकार र प्रजननयोग्य महिलाहरूको सङ्ख्या वृद्धि हुनुले जनसङ्ख्या व्यवस्थापन गर्न निकै चुनौतीपूर्ण रहेको छ। साथै रेमिट्यान्स आम्दानीलाई उत्पादनमूलका कार्यमा परिचालन गर्नु पनि त्यतिकै चुनौतीपूर्ण छ। यस्ता चुनौतीहरूलाई बेलैमा व्यवस्थापन गर्न सम्बन्धित सबैले उचित ध्यान दिन सकेको खण्डमा धनकुटा जिल्लाको समृद्धि सुनिश्चित गर्न सकिन्छ।

**सन्दर्भसामग्री**


ढकाल, सोमनाथ (२०६७), *जनसङ्ख्या शिक्षाको आधार,* (सातौँ संस्क.), रत्न पुस्तक भण्डार।

पोखरेल, शन्तनु (२०६८), *जनसङ्ख्या शिक्षाको आधार*, क्वेस्ट पब्लिकेसन।

महर्जन, श्यामकृष्ण र खनाल शान्तिप्रसाद (२०६९), *जनसङ्ख्या शिक्षाको आधार*, क्वेस्ट पब्लिकेसन।

राष्ट्रिय तथ्याङ्क कार्यालय, (२०८०), *नेपालको तथ्याङ्कीय झलक २०८०*

राष्ट्रिय तथ्याङ्क कार्यालय, (मि.न.), संक्षिप्त नतिजा *राष्ट्रिय जनगणना २०७८* *https://censusnepal.cbs.gov.np/results/downloads/national*

Chandana, R.C. (2004). *Geography of Population, Concepts, Determinants and Patterns.* Kalyani Publishers.

K,C. B. K. (1995). Social Composition of Population. *Population Monograph of Nepal.* Central Bureau of Statistics.

Linkha, T. R. (2020). Disasters: Spatio-Temporal Distribution of Dhankuta District, Nepal. *Rupantaran: A Multidisciplinary Journal*, *3*(September), 93–107. https://doi.org/10.3126/rupantaran.v3i0.31746

National Statistics Office. (2023). *National Report on Caste/Ethnicity, Language and Religion*. https://censusnepal.cbs.gov.np/results/downloads/caste-ethnicity

Pathak, R.S. and Lamichhane, K. (2014). Population Size, Growth and Distribution. *Population Monograph of Nepal. Vol.(1).* Central Bureau of Statistics.